पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २५ गते बिहीबार ❑ 8 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्वतन्त्र र निष्पक्ष पत्रकारिता बिना लोकतन्त्रको कल्पना गर्न सकिन्न: राष्ट्रपति

**रासस**
काठमाडौं, २४ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायतका हरेक परिवर्तनहरूमा नेपाली पत्रकारिता जगत्को भूमिका उल्लेखनीय रहेको बताउनुभएको छ।

राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले बुधबार आयोजना गरेको वरिष्ठ पत्रकार सम्मान तथा राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको सशक्त तथा प्रभावकारी माध्यम भएको बताउनुभयो । राष्ट्रपति पौडेलले स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त भएकाले पत्रकारिता विना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पार्नुभयो । "त्यही भएर हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो, संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय र स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो", उहाँले भन्नुभयो, "त्यसैगरी सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्ने जिम्मेवार प्रेसको धर्म हो, यसतर्फ नेपाली प्रेस



सदैव सजग र चनाखो हुनेनै छ भन्ने मैले विश्वास लिएको छु।" राष्ट्रपति पौडेलले समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताउँदै सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार सङ्कलन र सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चिततातर्फ सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो।

उहाँले सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहीन र मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्नसक्ने खतराको सामना गर्नु वर्तमान आम सञ्चारमाध्यमको चुनौती भएकाले यस्ता चुनौतीको सामना गर्न नेपाली प्रेस सक्षम हुने विश्वास व्यक्त गर्नुभयो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो बनाउँदै जनताले अपेक्षा गरेको सुशासन, विकास र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझ प्रभावकारी ढङ्गले काम गर्नेमा आफू विश्वस्त रहेको राष्ट्रपति पौडेलको भनाइ थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकारितालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कानुन बनाउने र परिमार्जन गर्ने कार्य सरकारबाट भइरहेको जानकारी दिनुभयो । "कानुनी हिसाबले पनि सङ्क्रमणकालीन अवस्था नै छ, कानुन बनाउने क्रम जारी छ", मन्त्री गुरुङले भन्नुभयो, "पत्रकारिता पेसालाई थप व्यवस्थित र मर्यादित बनाउन जरुरी छ ।" नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले पत्रकारिता क्षेत्रमा आर्थिक सङ्कटका साथै व्यावसायिक चुनौती बढ्दै गएको र पत्रकारको पेसागत तथा भौतिक सुरक्षामा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेलले नेपाली प्रेसले संसारकै सक्षम र दक्ष पत्रकार उत्पादन गर्नुपर्ने, त्यसका लागि सूचना प्रविधिको प्रयोगसँगै पत्रकारितालाई अझ व्यवस्थित र मर्यादित बनाउनुपर्नेमा जोड दिनुभयो। सो अवसरमा पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेल र प्रेस चौतारी नेपालका पूर्व अध्यक्ष गणेश बस्नेतलाई वरिष्ठ पत्रकार सम्मान-२०८१ प्रदान गरियो । राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१ विमल गौतम (बाग्लुङ), दीपेन्द्र श्रेष्ठ (कास्की), लोग्शरी कुँवर (कैलाली), दीपेन्द्र बान्तवा (सङ्खुवासभा), डिल्लीराम खतिवडा (उदयपुर) र सागर पण्डित (तनहुँ) लाई प्रदान गरिएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले उक्त पुरस्कार प्रदान गर्नुभएको थियो। वरिष्ठ पत्रकार सम्मान-२०८१ को राशि रु दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८१ रु एक लाख राशि रहेको थियो।

## नेपाल-भारत सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाइँदै

**रासस**
काठमाडौं, २४ बैशाख

भारत-पाकिस्तानबीचको पछिल्लो सैन्य तनावको प्रभाव नेपाल-भारत सीमामासमेत परेको छ। नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षाकर्मीहरूले आवतजावतमा कडाइ गरेका छन्।

विशेषगरी जटही र भिट्ठामोड नाकामा सुरक्षा सतर्कता उच्च बनाइएको छ । नाकामा दुवै देशका सुरक्षाकर्मीहरू तैनाथ छन्।

पछिल्लो समय दुवै देशका सुरक्षा निकायहरूले सीमा क्षेत्रलाई संवेदनशील मानेर प्रत्येक व्यक्तिको परिचय र गन्तव्यबारे सोधपुछ गरी मात्र आवतजावत अनुमति दिइरहेको छिन्नमस्ता सशस्त्र प्रहरी ब्यारेकका नायब महानिरीक्षक कृष्ण ढकालले जानकारी दिनुभयो।

धनुषाको जटही सीमा क्षेत्रमा खटिनुभएका प्रहरी नायब उपरीक्षक प्रमोद रायले भन्नुभयो, "हामीले सुरक्षा सतर्कता बढाएका छौं । भारत-पाकिस्तानबीचको तनाव हाम्रो देशमा प्रत्यक्ष असर नपरे पनि सीमा क्षेत्र संवेदनशील हुने भएकाले हामी सतर्क छौं।"

विशेषगरी नयाँ अनुहार र शङ्कास्पद गतिविधि भएका व्यक्तिमाथि निगरानी गरिरहेको उहाँको भनाइ छ । स्थानीयले दैनिक जीवनमा असर परेको बताउँदै चाँडो समाधानको अपेक्षा गरेका छन् । सिमाना



आसपासका बजार पनि प्रभावित भएको छ। सीमावर्ती सुरक्षाकर्मी र प्रशासनले स्थानीयवासीलाई संयमता अपनाउन आग्रह गरेको धनुषा प्रहरी प्रमुख नरहरि रेग्मीले बताउनुभयो।

त्यसैगरी छिमेकी मुलुक भारत र पाकिस्तानबीच बढ्दै गएको तनावलाई लिएर रुपन्देहीका सीमामा पनि निगरानी बढाइएको छ । जिल्लाको मूल नाका बेलहियासँगै सहायक नाका लुम्बिनी, भगवानपुरलगायतका नाकामा सशस्त्र प्रहरीले निगरानी बढाएको छ। बेलहिया नाकामा भने तालिम प्राप्त कुकुरहरु डेजी र सायाबाट 'डग स्निफिङ' गराएर मात्र नेपाल प्रवेश गर्न दिइएको छ। सीमाबाट हुनसक्ने अपराध नियन्त्रणका लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयले सीमाको सुरक्षार्थ 'डग हेण्डलर 'सहित यसअघि नै पठाएको 'डेजी' र 'साया' लाई बेलहिया सीमा नाकामा खटाइएको हो।

'डेजी' र 'साया' तालिम प्राप्त कुकुर हुन् । तीन महिनाको हुँदा भारतबाट खरिद गरेर ल्याइएको जर्मन सेफर्ड प्रजातिको 'डेजी' ले हातहतियार तथा विष्फोटक पदार्थका सामग्री सुँघेर पत्ता लगाउनमा अब्बल छ भने नेपालमै जन्मिएको ल्याब्राडोर प्रजातिको 'साया' लागुऔषध प्रकृतिका साम्रगी सुँघेर पत्ता लगाउनमा अनुभवी रहेको प्रहरीले जनाएको छ । पछिल्लो समय विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रमा उच्च सतर्कता अपनाएको जनाएको छ । सीमा क्षेत्रबाट हुनसक्ने अवैध घुसपैठलाई रोक्न सीमा सुरक्षाको प्रमुख जिम्मेवारी पाएको सशस्त्र प्रहरी बल, नेपालले भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसपी)सँगको सहकार्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा ४ का वडा अध्यक्ष पराजुली पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

पोखरा महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीलाई प्रहरीले पक्राउ गरेको छ।

कास्की प्रहरीमा जाहेरी परेका कारण अध्यक्ष पराजुलीलाई बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । पोखरा १६ लामाचौरबाट वडा अध्यक्ष पराजुलीलाई नियन्त्रणमा लिइएको



जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी हरि बहादुर बस्नेतले बताए । पोखरा महानगरपालिकाका कर्मचारी यूनियन र व्यवसायीहरुको चौतर्फी दबाब पछि प्रहरीले बुधबार अध्यक्ष पराजुलीलाई पक्राउ गरेको हो।

प्रशासन महाशाखामा कार्यरत कर्मचारी ईश्वरी प्रसाद पोखरेल र फेन्सि व्यवसायी लेखनाथ सुवेदीलाई अध्यक्ष पराजुलीले हातपात गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो। पोखरा महानगरपालिका कार्यालयको सेवा बुधबार प्रभावित भएको छ।

## भारत र पाकिस्तानबीचको तनावप्रति नेपाल सचेत रहनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले भारत र पाकिस्तानबीच विकसित पछिल्लो तनाव र नेपाललाई पार्नसक्ने प्रभावबारे सचेत रहनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले भूराजनीतिक संवेदनशीलता र खुला सिमानाका कारण भारत र पाकिस्तानबीच युद्ध सुरु भएको भन्दै यसले नेपाललाई पार्ने अल्पकालीन र दीर्घकालीन प्रभावहरूका बारेमा नेपाल सरकारले समयमै सचेत भएर छलफल अघि बढाउन अनुरोध गर्नुभयो।

उहाँले दक्षिणपूर्वी एसियाली मुलुकमा द्वन्द्व चर्किएको र यतिबेला राष्ट्रिय राजनीतिक दलको एकता जरुरी भएको औँल्याउनुभयो । संविधान संशोधन, सङ्घीयताको सवलीकरण, संस्कृतिको संरक्षण र प्रवर्द्धनलगायत विषयमा सबै दलहरूबीच न्यूनतम सहमति गरी आमजनतालाई आशा जगाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद गौतमले राष्ट्रिय निकुञ्ज क्षेत्रमा जङ्गली जनावारको त्रास बढिरहेको, पछिल्लो तीन महिनामा बर्दियामा चितुवाको आतङ्कबाट दुई जनाको मृत्यु हुनुका साथै ११ जना घाइते भएका भन्दै जङ्गली जनावरबाट नागरिकलाई सुरक्षित गर्नेगरी वातावरण बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद अच्युतप्रसाद मैनालीले सरकारले दृढ सङ्कल्पसहित नयाँ योजना र कार्यक्रमका साथ नीति तथा कार्यक्रम ल्याएको भन्दै यसलाई पारित गराउनेतर्फ सकारात्मक पहल हुनुपर्ने धारणा राख्नुभयो । सरकारले हिम्मत र साहसका साथ परम्परागत नीति तथा कार्यक्रमकलाई क्रमभङ्ग गर्दै ल्याएको उहाँको भनाइ छ।

सांसद मैनालीले प्रतिपक्षी दलका सांसदले तथ्यपरक र सत्यपरक भनाइ राख्दै नीति तथा कार्यक्रममाथि सकारात्मक टिप्पणी गर्नुपर्नेमा धारणा राख्नुभयो। उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र मुलुकको आर्थिक विकासका लागि राजनीतिक दलहरूबीच साझा धारणा र दृष्टिकोणका साथ अगाडि बढ्न आवश्यक रहेको औँल्याउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रुपा सोशी (चौधरी)ले ठूलाठूला भ्रष्टाचार र अनियमितता

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङको स्याङमा उन्नत गाईपालन फस्टाउँदै

**रासस**
मुस्ताङ, २४ बैशाख



जिल्लाको घरपझोङ गाउँपालिका-३ स्याङ गाउँमा उन्नत जर्सी गाईपालन व्यवसाय फस्टाउँदै जान थालेको छ। उन्नत गाईको दूधबाट मनग्ये आम्दानीका साथै किसानको फलफूल तथा तरकारी बगैँचामा गोबरबाट बनेको मल प्रयोग गर्नका लागि उन्नत जर्सी गाईपालन व्यवसाय अपनाइएको हो।

डेढ दशकअघि मुस्ताङको जोमसोमलगायत आसपासका पर्यटकीय गाउँका होटल तथा रेष्टुरेन्टले सहरिया सिलबन्द गरिएका पाउडरको दूध प्रयोग गर्ने गर्थ्ये। जब मुस्ताङको स्याङ गाउँबाट उन्नत जर्सी गाईपालन सुरु भयो त्यसपछि भने यहाँ प्रयोग गरिने प्याकेटका पाउडरको दूध विस्थापित हुँदै जान थालेको स्थानीय बताउँछन्।

अहिले मुस्ताङमा बजारिया पाउडरको दूध ९० प्रतिशत विस्थापित भइसकेको घरपझोङ-३ का वडाध्यक्ष फलेन्द्रप्रसाद थकालीले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा पाउडरको दूध विस्थापित हुनुको मुख्य कारण स्याङ गाउँको उन्नत जर्सी गाईपालन हो। गाउँमा सुरुआती चरणमा थकालीले उन्नत जर्सी गाईपालन सुरु गर्नुभएको थियो।

हिमाली क्षेत्रमा परीक्षणका रूपमा गाईपालन सुरु गरेको बताउँदै यो व्यवसाय प्रभावकारी देखिन थालेपछि स्याउ गाउँका अन्य किसानले पछ्याउन थालेका वडाध्यक्ष थकालीले उल्लेख गर्नुभयो। स्याङ गाउँका वडाध्यक्षले तत्कालीन समयमा उन्नत जर्सी गाईपालन जिल्लामा भित्र्याएपछि त्यसबेला साविक पशुसेवा कार्यालय र साविक जिल्ला विकास कार्यालयले दूध उत्पादनलाई बढाउने तथा प्रवर्द्धन गर्ने उद्देश्यले उन्नत जर्सी गाईपालन खरिदका लागि अनुदानका कार्यक्रम ल्याएको वडाध्यक्ष थकालीले स्मरण गर्नुभयो। परम्परागत हिमाली लुलु गाईले भन्दा उन्नत जर्सी गाईले मनग्ये दूध उत्पादन गर्ने भएकाले मुस्ताङका किसान उन्नत जर्सी गाईपालनतर्फ आकर्षित हुन थालेका वडाध्यक्ष थकालीले बताउनुभयो। "एक दशकअघि हिमाली उपआयोजनाले मुस्ताङमा उन्नत जर्सी गाईपालन कार्यक्रम ल्यायो। त्यससमय उक्त आयोजनाले जिल्लाका किसानलाई ८० प्रतिशत अनुदानमा उन्नत जर्सी गाईपालन गर्न प्रोत्साहित गऱ्यो। त्यसपछि भने यहाँ उन्नत पालन व्यवसाय झाङ्गिँदै गएको हो", उहाँले भन्नुभयो। स्याङ गाउँमा उन्नत गाईपालनसँगै मुस्ताङ डेरी उद्योगसमेत स्थापना भएको छ। सहकारीमार्फत अनुदान पाएका किसानले उन्नत गाईको दूध डेरी उद्योगमा लगेर बिक्री गर्न पाउने भएका छन्। कतिपय किसानले डेरीमा बिक्री नगरी मोटरसाइकलमार्फत घरघरमा पुऱ्याउने गर्छन्। स्याङमा अहिले ४० घरधुरीले एक सयभन्दा बढी उन्नत जर्सी गाईपालन गरेका वडाध्यक्ष थकालीले जानकारी दिनुभयो। उहाँ मुस्ताङमा उन्नत जर्सी गाईपालन गर्ने पहिलो व्यक्ति हुनुहुन्छ। वडाध्यक्ष थकालीले स्याङ गाउँ कृषिमा आधारित गाउँ भएकाले दूध बिक्री गर्न र गाईको मलमुत्र खेतबारीमा प्रयोग गर्न निकै सजिलो भएको बताउनुभयो। स्याङ गाउँमा अहिले दैनिक चार सय लिटरभन्दा बढी दूध उत्पादन हुने गरेको उहाँले जानकारी दिनुभयो। घरपझोङ-३ स्याङका स्थानीय निमा फन्चोक गुरुङले चार वटा उन्नत जर्सी गाईपालन गर्नुभएको छ। दश वर्षअघि ११ वटा गाई र एउटा गोरुबाट पशुपालन व्यवसाय सुरु गर्नुभएका गुरुङले अहिले दूधको बजारमा प्रतिस्पर्धा भएको, पशु आहारा र घाँसको मूल्य वृद्धि भएकाले सङ्ख्या घटाएको बताउनुभयो।

दूधको मूल्य वृद्धि हुन नसकेको तर दाना र घाँसको मूल्य महँगो भएकाले कृषि प्रयोजनका लागि मात्रै गाईपालन गरिरहेको गुरुङले बताउनुभयो। "पहिले दूध बिक्री गर्दा मनग्ये आम्दानी हुन्थ्यो, अहिले गाउँमा उत्पादन बढी हुँदा आम्दानीको स्रोत खुम्चिएको छ", गुरुङले भन्नुभयो, "फलफूल बगैँचा र तरकारी बारीमा मल चाहिने भएकाले गाईपालनलाई निरन्तरता दिँदै आइरहेको छु।" सुरुआती चरणमा ११ गाईबाट तीन सय लिटरभन्दा बढी दूध उत्पादन गर्ने गरेकामा अहिले दैनिक ४० लिटर मात्रै बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो। बर्खायाममा दूधको माग अत्यधिक हुने गरेको भएपनि किसानमा समन्वय नहुँदा मूल्य वृद्धि हुन नसकेको गाईपालक कृषक जीवन थकालीले बताउनुभयो। उहाँका अनुसार मुस्ताङको स्याङ गाउँबाट सुरु भएको उन्नत गाईपालन अहिले फैलिँदै जिल्लाको ठिनी, मार्फा, टुकुचे र कागबेनीसम्म पुगेको छ।

पर्यटकीययामबाहेक हिउँदको तीन महिना उन्नत गाईको दूध बिक्री गर्न समस्या हुने गरेको किसान बताउँछन्। हिउँदयाममा पर्यटकको उपस्थिति कम हुने र जिल्लाका नागरिक बेँसी झर्ने भएकाले दूधको खपत कम हुने गरेको स्थानीय गाईपालकको भनाइ छ।

# पर्यटकीय गन्तव्य बन्दै बेगनासताल

**सबिना कुवर**
पोखरा, २४ बैशाख



सुन्दर र शान्त वातावरण मनपराउने पर्यटकको प्रमुख गन्तव्य बेगनास ताल किनारको माझीकुना भएको छ।

पोखरा घुम्न आउने पर्यटकले पछिल्लो समय पोखरासँगै जोडिएको लेखनाथ नगरपालिकाको बेगनास तालतर्फ आकर्षित हुन थालेकाले उक्त ठाउँ प्रमुख पर्यटकीय गन्तव्यमा परेको हो। यहाँको सुन्दरी डाँडा र पचभैया क्षेत्र पनि पर्यटकको रोजाइमा परेको छ।

पर्यटकको आगमनमा वृद्धिसँगै यहाँका स्थानीयले सुविधा सम्पन्न होटल निर्माण गर्न थालेका छन्। बेगनास ताल किनारमा ठूला लगानीका होटेल खोल्ने क्रम जारी छ। गत पाँच वर्षदेखि बेगनास ताल किनारको माझीकुना क्षेत्रका व्यवसायीले होटेलमा लगानी बढाउँदै गएको होटल तथा रेस्टुरेन्ट व्यवसायी समिति लेखनाथका अध्यक्ष दामोदरभक्त थापाले बताए। विदेशी र स्वदेशी पर्यटकमाझ लेखनाथको लेकसाइड माझीकुना रोजाईमा पर्दै गएको उनले सुनाए। सात तालको सहर भनेर चिनिने लेखनाथ पोखराबाट छाँयामा पर्दै गएको थियो। लेखनाथको सुन्दरी डाँडामा बेगनास ताल रिसोर्ट सञ्चालनमा आए पछि पर्यटन व्यवसायीको आकर्षण पनि यहाँ बढ्दै गएको छ। पोखरा भन्दै घुम्न आउने पर्यटकको लागि लेकसाइड मुख्य गन्तव्यमा पर्छ। पछिल्लो समय पर्यटकले लेकसाइडसँगै लेखनाथलाई पनि आफ्नो प्रमुख गन्तव्यमा समेटेका छन्। फेवातालबाट बेगनास तालसम्म सिधा बस सेवा सञ्चालनमा आए पछि यहाँ आन्तरिक र बाह्य पर्यटकको चाँप बढ्दै गएको थापाले सुनाए। माझीकुनामा पर्यटकको आगमन बढ्न थाले पछि स्थानीयले घरमै पर्यटन व्यवसाय सञ्चालन गर्न थालेका छन्। माझीकुनामा पर्यटकको आगमन बढेपछि विदेशको काम छाडेर होटेल सञ्चालन आएको स्थानीय धुब लामिछानेले सुनाए। दश वर्षदेखि कतारमा मजदुरी गरिरहेका लामिछाने आफ्नै घरआगनमा पर्यटक आउन थाले पछि विदेशको जागीर छाडेर होटेल सञ्चालन गरेका हुन्। अहिले उनले सञ्चालन गरेको आयुस गेष्ट हाउसमा पर्यटक भरीभराउँ छन्। बढी मात्रामा इजरायली, फ्रेन्च र जर्मनी पर्यटक आउने गरेको उनले बताए। असोजदेखि मंसिरसम्म विदेशी पर्यटकले भरिने र अन्य समयमा आन्तरिक पर्यटकले होटेल चल्ने गरेको उनले सुनाए। माझीकुनामा अहिले नौ होटेल सञ्चालनमा छन्। लेखनाथमा तीनवटा स्टार लेवलका होटेलसहित ३०होटेल सञ्चालनमा रहेको होटेल तथा रेस्टुरेन्ट व्यवसायी थापाले बताए। लेखनाथ सेरोफेरोमा सञ्चालित टाइगर माउन्टेन, रुपाकोट रिसोर्ट , बेगनास लेक रिसोर्ट स्टार होटेल हुन्। पछिल्लो समय होटेलमा लगानी गर्नेको संख्या यहाँ बढ्दै गएको उनले बताए। (विद्यार्थी पत्रकार)

# गण्डकी कप महिला फुटबल आगामी असारमा

**बिशाल गाहामगर/सागर परियार**
पोखरा, २४ बैशाख

प्रथम गण्डकी कप महिला फुटबल प्रतियोगिता आगामी असार अन्तिम साता पोखरा रङ्गशालामा हुने भएको छ।

गण्डकी प्रदेश फुटबल सङ्घको आयोजना हुने उक्त प्रतियोगिताका लागि अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आगामी असार २८ गतेदेखि साउन ३ गतेसम्मको समय दिएको सङ्घले जनाएको छ। गण्डकी प्रदेशमा पहिलोपटक हुन लागेको राष्ट्रियस्तरको उक्त महिला फुटबल प्रतियोगितामा नेपाली सेना( त्रिभुवन आर्मी क्लब), सशस्त्र प्रहरी बल (एपिएफ) लगायत आठ टिमले सहभागीता जनाउने सङ्घका महासचिव विनोद गुरुङले जानकारी दिनुभयो। 'एन्फा'को स्वीकृतिसँगै प्रतियोगिताको तयारी अगाडि बढाइएको उहाँको भनाइ छ। पोखरामा महिला फुटबलको गतिविधि न्यून भइरहेका बेला राष्ट्रियस्तरको प्रतियोगिता हुने भएपछि यहाँका खेलप्रेमीसमेत उत्साहित बनेका छन्। महिला फुटबलको विकासलाई केन्द्रमा राखेर पहिलोपटक गोल्डकप फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको महासचिव गुरुङले बताउनुभयो। उहाँका अनुसार गण्डकीमा महिला फुटबलको गतिविधि बढाइएमा विभागीय टिमसँग प्रतिस्पर्धा गर्न सक्ने गण्डकीको आफ्नै बलियो टिम बन्नेछ। महिला फुटबललाई अघि बढाउनकै लागि बागमती गोल्डकपमा गण्डकीको टिमलाई सहभागी गराइएको महासचिव गुरुङले बताउनुभयो।

# 'एक घर, एक धारा' कार्यक्रमबाट १६ हजार लाभान्वित

**विनिता गाहा मगर**
पोखरा, २४ बैशाख

कास्कीको रुपा गाउँपालिकामा 'एक घर, एक धारा' कार्यक्रम कार्यान्वयन भएपछि खानेपानी समस्या समाधान भएको छ।

सोह्र हजार जनसङ्ख्या रहेको उक्त पालिकामा सङ्घ र प्रदेशका साथै अन्य सामाजिक सङ्घसंस्थाको सहयोगमा उक्त कार्यक्रम कार्यान्वयन भएको पालिका उपाध्यक्ष लालसुब्बा गुरुङले जानकारी दिनुभयो।

गाउँपालिकाले खानेपानीलाई व्यवस्थित र दीर्घकालीन बनाउन कार्यविधि बनाएर मुहान दर्ता प्रक्रिया अघि बढाएको छ। पालिकामा हालसम्म आठवटा मुहान दर्ता भएका उहाँले बताउनुभयो।

# नेपाल-भारत ...

र समन्वयमा सिमानामा संयुक्त रुपमा गस्ती र खबर आदानप्रदानलाई तीव्रता दिइएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले बताउनुभयो। यसैगरी एक बिओपीबाट अर्को बिओपीसम्म २४ घण्टा सीमा इलाकामा रहनेगरी पट्रोलिङ गरिएको छ।

अनाधिकृत घुसपैठ नियन्त्रण र निगरानीका लागि सीमा क्षेत्रमा पर्ने सबै बाहिनीपतिलाई प्रधान कार्यालयबाट विशेष निर्देशन दिइएको छ भने बाहिनी मुख्यालयहरुले सोहीअनुसार सुरक्षा योजना बनाएर कार्यान्वयन गरेको थापाले बताउनुभयो। सीमा इलाकामा आवश्यकताअनुसार आवतजावत गर्नेको परिचयपत्र जाँच गरेर अभिलेख राख्ने र निगरानी एवं जाँच तथा सुक्ष्म रुपमा खबर सङ्कलन गरिराखेको उहाँले बताउनुभयो।

सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध घुसपैठलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणसँग समन्वय गरी सूचना आदानप्रदान गरी सीमामा आवतजावत गर्नेगरी वारपार गर्नेलाई कडा निगरानी गरिएको हो।

# भारत र ...

नियन्त्रण गर्न सरकार सक्रिय हुनुपर्नेमा जोड दिनुभयो। समाजवादोन्मुख अर्थव्यवस्थामा लैजान निजीकरणभन्दा सार्वजनिक निजी साझेदारी ढाँचालाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाल विद्युत् प्राधिकरण घाटामा गएको विषय बाहिर आएको भन्दै प्राधिकरणलाई सबल र प्रभावकारी बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद चन्दा कार्की (भण्डारी) ले नेपाल राष्ट्र बैंकको गभर्नर पद झण्डै एक महिनादेखि रिक्त रहेको भन्दै चाँडो गभर्नर नियुक्ति गरेर मुलुकको आर्थिक अवस्था र वित्तीय प्रणालीलाई सुधार गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले देशमा आर्थिक समस्या बढिरहेको, सुशासन प्रवर्द्धन हुन नसकेको तथा उत्पादनशील र सेवा क्षेत्र उत्साहित नभएको अवस्थामा गभर्नरजस्तो संवेदनशील विषयमा सरकार र राजनीतिक दलहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद विक्रम पाण्डेले बर्सातको समय सुरु हुन लागेको र यस वर्ष विगतको वर्षभन्दा बढी गर्मी हुने र अत्यधिक वर्षा सम्भावना रहेको मौसमविद्हरूले पूर्वानुमान गरिरहेका भन्दै समयमा सम्भावित जोखिम व्यवस्थापनको तयारी थाल्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले आकस्मिक राहत सामग्रीको ढुवानी र उद्धार कार्यलाई चुस्त दुरुस्त बनाउन विपद् व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद शेरबहादुर कुँवरले वरिष्ठ वामपन्थी नेताको दुःखद् निदनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदन प्रकट गर्नुभयो।

उहाँले सुशासन प्रवर्द्धन र विकासलाई तीव्रता दिन सरकारले ढिलो गर्न नहुने धारणा राख्नुभयो। नागरिकको कष्टकर जीवनलाई ध्यान दिँदै बुटवल-नारायणगढ खण्ड यथाशीघ्र निर्माण सम्पन्न गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

# नेता नेपालको आदर्शबाट प्रेरणा लिइरहने : एमाले

**रासस**
काठमाडौं, २४ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी नेता प्रदीप नेपालको निधनले नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र साहित्यिक क्षेत्रका लागि अपुरणीय क्षति भएको जनाएको छ।

एमाले महासचिव शङ्कर पोखरेलले बुधबार विज्ञप्ति जारी गरी नेता नेपालको निधनबाट पार्टी अत्यन्त दुःखित भएको बताउनुभयो। उहाँले स्वर्गीय नेता नेपालका असल गुणहरु, योगदान र आदर्शबाट निरन्तर प्रेरणा लिइरहने सङ्कल्पसमेत पार्टीले लिएको बताउनुभएको छ।

केही वर्षदेखि पार्किन्सन रोगबाट पीडित नेता नेपालको उपचारका क्रममा काठमाडौँस्थित नर्भिक अस्पतालमा मङ्गलबार साँझ निधन भएको थियो। "युवा पुस्तामाझ एकदमै लोकप्रिय कमरेड प्रदीप नेपाल धेरै कार्यकर्ताहरुका निम्ति ऊर्जा र प्रेरणाको स्रोत हुनुहुन्थ्यो", महासचिव पोखरेलले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "तत्कालीन नेकपा (माले) लाई शान्तिपूर्ण, लोकतान्त्रिक र लोकप्रिय धारको अगुवाका रुपमा स्थापित गर्न र जनताको बहुदलीय जनवादको विकास र कार्यान्वयनमा महत्त्वपूर्ण योगदान गर्नुभएको थियो।" सिर्जनात्मकता, अथक क्रियाशीलता र ऊर्जा कमरेड प्रदीप नेपालको व्यक्तित्वका विशेषताहरु रहेको उल्लेख गर्दै मदन-आश्रित स्मृति प्रतिष्ठानका अध्यक्षका रुपमा उहाँले जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितका विचार, आदर्शलाई स्थापित गर्न उल्लेखनीय भूमिका निर्वाह गर्नुभएको महासचिव पोखरेलले बताउनुभएको छ।

महासचिव पोखरेलले पटकपटक संसद् सदस्यका रुपमा जनप्रतिनिधिको भूमिकामा रहनुभएका प्रदीप नेपालले सूचना तथा सञ्चार, शिक्षा, जलस्रोतलगायत विभिन्न मन्त्रालयको कुशल नेतृत्व गरेको उल्लेख गर्नुभएको छ। विसं २०१० पुस २८ मा भोजपुर गोगनेमा जन्मिनुभएका प्रदीप नेपाल त्रिचन्द्र क्याम्पसमा अध्ययन गर्दैगर्दा स्वतःस्फूर्त रुपमा विद्यार्थी आन्दोलनमा सहभागी हुँदै हिरासत र जेलजीवनको सामना गर्नुपरेको विज्ञप्तिमा उल्लेख छ।

झण्डै १४ वर्ष लामो भूमिगत जीवनमा नेता नेपालले लुम्बिनी, मेची, प्रवास र काठमाडौँको पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका र अस्वस्थताका कारण सक्रिय सङ्गठनात्मक जीवनबाट विश्राम लिनुअघि उहाँ एमाले स्थायी कमिटीको सदस्य र पार्टी प्रवक्तासमेत रहनुभएको थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# सिमित घेरामा राष्ट्रिय पत्रकारिता दिवस

नेपाली भाषाको पहिलो पत्रिका गोरखापत्र प्रकाशन भएको दिनलाई संझेर राष्ट्रिय पत्रकारिता दिवस मनाउन थालिएको छागोरखापत्र प्रकाशित भएको १२५ बर्ष भएको छ। १९५८ साल बैशाख २४ गते प्रकाशित भएको दिनलाई विशेष दिन बनाईएको छ । सरकारले २०७३ सालमा पत्रकारिता दिवस राष्ट्रियरुपमै मनाउन मान्यता दिएपछि यो दिवस वैशाख २४ गते मनाउन थालिएको छ । यो दन मुलकी व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताका माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार र आमसञ्चारसम्बन्धी संस्थालाई सम्मान गर्ने भएकाले यस दिवसलाई राज्यले पनि आत्मसात् गरेको छ। यस वर्षको पत्रकारिता दिवसको नारा 'विश्वसनीय सूचनाको आधारः जवाफदेही पत्रकारिता र सुरक्षित पत्रकार' ले पनि लोकतन्त्रमा जनतालाई सुसूचित गराउन महत्वपूर्ण अगुवाइ गर्ने पत्रकारिता क्षेत्र र यसमा संलग्न पत्रकारहरुको पेसागत सुरक्षालाई महत्व दिइएको छ। पत्रकारिता कुनै पनि लोकतान्त्रिक समाजको आधारशिला हो । जनताको आवाजलाई सरकारसमक्ष पुऱ्याउने, समाजका विकृति र विसङ्गतिहरूलाई उजागर गर्ने र नागरिकलाई सूचित गर्ने कार्य पत्रकारिताले गर्छ । यसकारण पत्रकारिता केवल समाचारको माध्यम मात्र नभई यो परिवर्तनको शक्ति पनि हो। पत्रकारिताको अभावमा नागरिकले सूचना पाउने प्रणाली नै खत्तम हुनपुग्छ र एउटा अकल्पनीय अन्धकारमा समाज धकेलिन्छ । सूचनाको निर्वाध सम्प्रेषणबाट मात्रै प्रेस स्वतन्त्रता हुनसक्छ। लोकतान्त्रिक मुलुकमा सधैं प्रेसले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग र रक्षाका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले लोकतन्त्रको अभिन्न अङ्ग स्वतन्त्र प्रेस नै हो, लोकतन्त्रको अक्सिजन पनि हो ।

सूचनाको वास्तविकता, सत्यको जाँच तथा प्रमाणको पुष्टि हुनुपर्नेजस्ता पत्रकारिताका आधारभूत मान्यताबाट विचलित हुनुहुँदैन । नेपालको पत्रकारिताले लामो सङ्घर्ष र बलिदानको इतिहास बोकेको छ । निरङ्कुश शासनदेखि प्रजातन्त्र र लोकतन्त्रको यात्रामा पत्रकारहरू जेलमा परे, यातना सहनुपऱ्यो, तर सत्य र न्यायको पक्षमा कलम चलाइरहेको छ । आजको स्वतन्त्र प्रेसको अवस्था त्यही सङ्घर्षको फल हो । मुलुकको हित, राष्ट्रिय स्वाभिमानको रक्षा र लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण सञ्चार जगतको मुख्य अभिष्ट मान्दै आएको छ। नेपाली पत्रकारिता जगतले जनसरोकारका सबैजसो विषयमा नागरिकलाई सुसूचित गराउँदै सार्वजनिक सेवा प्रदायकलाई जनताका आवश्यकताको बारेमा पृष्ठपोषण प्रदान गरी सञ्चार सेतुको रूपमा काम गरिरहेको छ । अहिले सामाजिक सञ्जालको व्यापकताका कारण सूचना प्रवाह गर्ने पहुँच अब पत्रकारिताको औपचारिक क्षेत्रभन्दा धेरै विस्तार भएको छ । राज्यको चौथो अङ्गको रूपमा समाजले सम्मान प्रदान गरेको हुनाले जिम्मेवारीपूर्ण सन्तुलित र तथ्ययुक्त सूचना सम्प्रेषणबाट मात्र पत्रकारिता क्षेत्रको विश्वसनीयता कायम राख्न सकिन्छ। त्यसैले आज विश्वसनीय सूचनाको आधारको निर्माण गरी जवाफदेही पत्रकारितालाई प्रोत्साहनको खाँचो छ भने र पत्रकारहरुले पनि सुरक्षित वातावरणमा काम गर्ने अवस्थाको सुनिश्चित हुनुपर्ने देखिन्छ।

नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्थामा छैन। आज पनि पत्रकारिता राजनीतिक दबाब, आर्थिक अस्थिरता, फेक न्युजको प्रवृत्ति, सामाजिक सञ्जालको दुरुपयोगजस्ता विभिन्न चुनौतीसँग जुधिरहेको छ । कतिपय चुनौती समयले ल्याइदिएको छ भने कतिपय प्रविधिले, अनि कतिपय व्यक्तिका प्रवृत्तिले । भौतिक हमला र पेसागत असुरक्षा दुवैले पत्रकारहरुलाई त्रासमा राखेको अवस्था छ भने इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गर्दै पत्रकारलाई निरुत्साहित गर्ने, अपमानित गर्ने खालका नयाँ प्रवृत्तिहरु पनि देखिन थालेका छन् । इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेस स्वतन्त्रतामाथि आक्रमणका प्रवृत्तिहरु पनि बढेका छन् । पत्रकारितामाथि विभिन्न कोणहरुबाट प्रश्न उठिरहेका बेला यसमा हुने ससाना त्रुटिहरुलाई औंल्याउँदै सञ्चार गृह र तिनमा काम गर्ने पत्रकारहरुको सुरक्षामा सङ्कट देखा पर्न थालेको छ। सूचना र सञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकाससँगै झुठा र भ्रमपूर्ण सूचनाको प्रवाह हुनु विश्वव्यापी चुनौती बनिरहेको छ । इन्टरनेटको विकाससँगै सुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरका बीच सङ्घर्षरत छ।

कमजोर साइवर सुरक्षाका कारण अनलाइन सञ्चारमाध्यमा अनाधिकृत प्रवेश गरी गलत समाचार दिने, नागरिकलाई दिग्भ्रमति तुल्याउनेजस्ता घटनाहरु बढ्न थालेका छन्। यस्ता अवस्थामा सत्य, तथ्य र निष्पक्षता कायम राख्नु पत्रकारहरूको सबैभन्दा ठूलो जिम्मेवारी हो । पत्रकारिता क्षेत्रलाई विश्वसनीय र जनमुखी बनाउन नागरिकस्तरबाट पनि उत्तिकै रचनात्मक भूमिकाको खाँचो पर्दछ । पत्रकारको हातमा रहेको कलमबाट कसैमाथि अन्याय हुनुहुँदैन । पत्रकारिताको सबैभन्दा मुख्य धर्म आमजनतासामु निष्पक्षरुपमा सत्य, तथ्य प्रस्तुत गर्नु हो । गल्तीलाई ग्रहण गर्ने र सच्चिन तत्परता देखाउने पत्रकारिताको चरित्र पनि हो । आलोचना र लाञ्छनाले पत्रकारिता कमजोर हुँदैन, बरु थप सशक्त हुन प्रेरित गर्दछ। आचारसंहिता, नीतिनियम र पेसागत इमानदारीलाई आत्मसात् गर्दै समाजप्रति उत्तरदायी बन्ने र पत्रकारलाई सूचना दिनका लागि र तथ्य दिनका लागि नागरिकहरु पनि जागरुक भैदिने हो भने सहज हुने छ र असल नागरिकको कर्तव्य निर्वाह गरेको मानिनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सामाजिक सञ्जालले विद्यार्थीमा पारेको प्रभाव

**सबिना कुवर**
पोखरा, २४ बैशाख

अहिलेको युग प्रविधिको युग हो । यो युगमा बच्चादेखि लिएर सबैले प्रविधिको प्रयोग गर्छन् । सामाजिक सञ्जाल पनि हामीले प्रयोग गरिरहेका छौं। विद्यार्थी भविष्यका कर्णधार हुन् । विद्यार्थीलाई उचित शिक्षा दिलाउन सके भविष्यमा उनीहरुले देशको विकासमा ठूलो योगदान पुयाउन सक्छन् । सामाजिक सञ्जाल भनेको समाज वा विश्वमा नै भएका घटनाको बारेमा खबर दिने प्रविधि हो, माध्यम हो । सामाजिक सञ्जालले विद्यार्थीमाथि निकै प्रभाव छोडेको छ।

अहिलेको समयमा सामाजिक सञ्जाल नचलाउने व्यक्ति धेरै कम छन् । सामाजिक सञ्जालले मानव जीवन लगायत विद्यार्थी जीवनमा पनि निकै प्रभाव पारेको छ। यस मध्ये सकारात्मक र नकारात्मक दुवै प्रभावहरु पर्दछन् । सकारात्मक प्रभाव मध्ये उनीहरुले राम्रो कुरा सामाजिक सञ्जालबाट प्राप्त गर्छन्, आफूले नजानेको कुराहरु सामाजिक सञ्जालमार्फत थाहा पाइरहेका हुन्छन् । त्यति मात्र होइन, उनीहरुले आफूभन्दा टाढा रहेका परिवारको सदस्यसँगै सूचना आदानप्रदान गर्न पाएका छन् । यसले विद्यार्थी जीवनमा ठूलो भूमिका पनि निर्वाह गरेको छ। यसले विद्यार्थीलाई विभिन्न माध्यमबाट ज्ञान पनि प्रदान गरेको छ । जस्तै कोभिड-१९ को समयमा सबै विद्यालय बन्द हुँदा पनि हामीले सामाजिक सञ्जालमार्फत ज्ञान प्राप्त गऱ्यौं । यसले विद्यार्थीलाई मनोरञ्जन पनि प्रदान गरिरहेको छ । जस्तै आफूलाई उदाश महसुस गर्दा गीत सुनेर मनलाई शान्त पार्ने, विभिन्न खेलहरु खेल्ने आदि । जसले हाम्रो मनलाई फुरुङ्ङ बनाउँदछ। हामीलाई हर्षित बनाउँदछ।

यसका नकारात्मक असरहरू पनि निकै छन्। जस्तैः मोबाइल चलाएपछि चलाएको चलाएकै गर्ने, मोबाइलमा नचिनेको मानिससँगै बोल्ने, मोबाइलमा ध्यान दिएपछि त्यसैमा मात्र लागीरहने, धेरै प्रकाश परेका कारण आँखा खराब हुने, कानमा पनि धेरै प्रेसर परेका कारण कान पनि राम्रोसँगै नसुन्ने, आफू भन्दा ठूलोले भनेको नमान्ने मोबाइल भएपछि अरू केही पनि छैन जस्तो गर्ने आदि । त्यति मात्र होइन धेरै मोबाइल चलाएका कारण टाउको दुख्ने, सामाजिक सञ्जालमा धेरै व्यस्त भएर खाना खान, पानी पिउन बिर्सने, पढाईमा ध्यान नदिने, जे गर्न मन लाग्यो त्यही गर्ने, मोबाइल मार्फत चिनिएको व्यक्तिले धोका दियो भनेर आत्महत्या गर्ने, कक्षामा पनि शिक्षकको कुरा राम्रोसँगै नसुन्ने, पढेको कुरा पनि बिर्सने, समय अनुसार चल्न नजान्ने, एक्लै रमाउन खोज्ने, सम्झाउँदा पनि रिसाउने, मोबाइल बिना खाना नखाने, सामाजिक सञ्जालमा नकारात्मक कुरा हेरी त्यसको नक्कल गर्ने आदि।

सामाजिक सञ्जालका प्रभावले विद्यार्थीको व्यवहारमा सकारात्मक र नकारात्मक दुवै प्रभाव देखिएको छ । त्यसैले सामाजिक सञ्जाल धेरै भन्दा धेरै होइन उचित मात्रामा प्रयोग गरौं। जसले हामीमा सकारात्मक बानी, व्यहोराको विकास गराउँदछ । सामाजिक सञ्जालले हाम्रो जीवनमा निकै मद्दत पुयाएको छ त्यसैले यो निकै महत्वपूर्ण र जोखिमपूर्ण पनि छ। (विद्यार्थी पत्रकार)

# प्रधानमन्त्री रोजगार कार्यक्रमबाट दुई सय बढी प्रत्यक्ष लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

यहाँको मालिका गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय दुई सय १० जना लाभान्वित भएका छन्।

चालु आर्थिक वर्षमा गाउँपालिकाबाट प्राप्त रु ५३ लाख ७४ हजार बजेटबाट पालिकाका सातवटै वडामा सञ्चालित १४ वटा योजनामा उहाँहरूले रोजगारी पाउनुभएको हो। सो गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाका अनुसार रोजगार उपभोक्ता समिति गठन गरी सञ्चालित योजना तथा कार्यक्रममा स्थानीयलाई रोजगारी दिइएको हो।

र ा े ज ग ा र कार्यक्रमअन्तरगत पदमार्ग निर्माण तथा मर्मत-सम्भार, गोरेटो बाटो तथा सार्वजनिक शौचालय निर्माणलगायतका योजनाहरू रहेका र तीनमा न्यूनतम एकसय दिन रोजगारीको व्यवस्था गरिएको अध्यक्ष गर्बुजाले जानकारी दिनुभयो । रोजगार कार्यक्रममा सहभागी स्थानीयलाई तालिम र सुरक्षा सामग्रीसमेत प्रदान गरिएको छ । सो कार्यक्रमअन्तरगत पालिकाको वडा नम्बर- ७ बिममा नरालेदेखि बिम्बाङसम्म र वडा नम्बर- ३ सिउदीभिर-औल पदमार्ग निर्माण पूरा भएको पालिकाका रोजगार सहायक मिलन सुवेदीले जानकारी दिनुभयो। यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत चालु आर्थिक वर्षमा प्राप्त बजेटमध्ये रु पाँच लाख ६७ हजारको लागतमा डाडाँगाउँको सिउदीभीरदेखि औंलसम्म तीन सय मिटर पदमार्ग निर्माण गरिएको छ।

भीर काट्ने, पर्खाल लगाउने, सोलिङ र ढुङ्गाको सिँढी लगाएर पदमार्ग निर्माण गरिएको उहाँले बताउनुभयो । यसैगरी, रु चार लाख १४ हजारको लागतमा बिम नरालेदेखि बिम्बाङसम्म एक सय ४२ मिटर नयाँ पदमार्ग र तीन सय ५० मिटर पदमार्ग मर्मतसम्भार गरिएको पालिकाले जनाएको छ। चालु आर्थिक वर्षमा विनियोजत विभिन्न १४ योजनामध्ये तीन योजना सम्पन्न भएको र अन्य योजनाहरू निर्माणको अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र ढकालले जानकारी दिनुभयो।

# दोबामा 'एक घर, एक धारा'बाट चार सय घरपरिवार लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा ' एक घर, एक धारा' सहितको खानेपानी आयोजना निर्माण भएको छ।

गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी जलस्रोत तथा सिचाई डिभिजन कार्यालय म्याग्दीले आर्थिक वर्ष २०७५/७६ देखि शुरु भएको योजना सात वर्षमा सम्पन्न भएको हो । करिब रु. पाँच करोड लगानीमा चार वटा योजनामा निर्माण भएको योजनाबाट चार सय २२ घरपरिवार लाभान्वित भएका कार्यालयका प्रमुख सिनियर डिभिजनल प्रमुख झलकमोहन ओझाले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा बिनियोजन भएको रु. २० लाख बाहेक गत आर्थिक वर्षसम्म उक्त योजना निर्माणमा रु. चार लाख ६७ लाख ९६ हजार खर्च भएको छ। पर्याप्त बजेट बिनियोजन नहुँदा योजना निर्माण गर्न सात वर्ष लागेको हो । गरेकखोला, चिसेपानी, गरिलाखोर र ओरालखर्कको मुहानको पानीलाई फरक फरक ठाउँमा निर्माण भएका रिजर्भ टंकीमा संकलन गरेर पाइपलाइनमार्फत घरघरमा लगेर वितरण गरिएको दोवा खानेपानी योजनाको उपभोक्ता समितिका अध्यक्ष यामबहादुर गर्बुजाले बताउनुभयो । मुहान, टंकी र मुख्य पाइपलाइनको भौतिक संरचना निर्माणमा सघाएको कार्यालयले मुख्य पाइपलाई निर्माण गरेको हो । शाखा पाइपलाईन खन्न श्रमदान गरेका उपभोक्ताले घरघरमा निजी धारा आफ्नै लगानीमा बनाएका हुन् । योजनालाई व्यवस्थित र दीर्घकालिन रुपमा सञ्चालन गर्न प्रत्येक धारामा मिटर जडान गरेर न्युनतम शूल्क निर्धारण गरिएको उपभोक्ता समितिका पूर्व अध्यक्ष डमबहादुर पूर्जाले बताउनुभयो । अन्नपूर्ण-१ का वडा अध्यक्ष दिलीप गर्बुजाका अनुसार औल र मारका टोलका बासिन्दा र गाईबस्तुले प्रयोग गर्ने खानेपानीको मुहान यसअघि एउटै थियो । आयोजना निर्माण भएपछि शुद्ध खानेपानी उपभोग गर्न पाएका उहाँले बताउनुभयो । स्थानीयबासी तालदेवी पुनले घरकै धारामा पानी आपुर्ति भएपछि समयको बचत भएको र झञ्जट हटेको बताउनुभयो । "पानी लिनका लागि मुहानमा जान, आउन लाग्ने समय र झञ्जट हटेको छ," उहाँले भन्नुभयो "शुद्ध र सफा पानी भएपछि दुषित पानीका कारण हुने स्वास्थ्य समस्यामा पनि कमी आएको छ।"

# एक करोड ४८ लाखको लागतमा झिँमा वडा कार्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

रघुगङ्गा गाउँपालिका-५ झिँमा रु एक करोड ४८ लाखको लागतमा वडा कार्यालय भवन निर्माण भएको छ । आर्थिक वर्ष २०७९/८० मा सुरु भएको दुईतले सभाहलसहितको भवन निर्माण चालु आवमा सम्पन्न भएको हो।

आव २०७९/८० मा रु ५० लाख लागतमा उपभोक्ता समितिमार्फत पाँचकोठे भवनको पहिलो तला ढलान भएको थियो । रु ७१ लाख ६६ हजार ४१५ मा २०८० चैतमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले एक सय २० जना क्षमताको सभाहल, रङरोगन, विद्युत्, पानी, फर्निचरको काम गरेको थियो । चालु आर्थिक वर्षमा विनियोजन भएको रु २७ लाख बजेटबाट घेराबार गरेर पूर्णता दिइएको वडाध्यक्ष मनबहादुर शेरपुञ्जाले बताउनुभयो । भवन निर्माण गर्न रु ५९ लाख खर्चेर चार रोपनी जग्गा खरिद गरिएको थियो। भाडाको घरमा सञ्चालित वडा कार्यालय नयाँ भवनमा सारिएको छ। नयाँ भवन बनेपछि सेवा प्रवाह सहज भएको छ । भाडाका लागि भइरहेको खर्च बचत भएको वडाध्यक्ष शेर पुञ्जाले बताउनुभयो। आठवटा वडा रहेको गाउँपालिकाले यसअघि पाखापानीमा वडा नं ६ र भगवतीमा वडा नं २ का लागि भवन निर्माण गरेको थियो। वडा नं ७ को कार्यालय साविक चिमखोला गाविसको भवनबाट सञ्चालन भइरहेको छ। वडा नं १ बेगखोला, वडा नं ३ पिप्ले, वडा नं ४ दग्नाम र वडा नं ८ कुइनेमङ्गलेको कार्यालय तत्कालीन गाविस, सामुदायिक विद्यालय भवनबाट सञ्चालित छन् । मौवाफाँटमा सभाहलसहितको भवन बनाएर कार्यालय सञ्चालन गरेको गाउँपालिकाले प्रशासकीय भवन निर्माणका लागि ठेक्का सम्झौता गरेको अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । रु एक करोड १५ लाख ८६ हजार ४४७ कबोलेमा निर्माण कम्पनीसंग ठेक्का सम्झौता भएको हो । ठेक्का प्रक्रियामा १० वटा निर्माण कम्पनी सहभागी भएका थिए। आगामी वर्ष पनि बजेट विनियोजन गरेर भवन निर्माणलाई निरन्तरता दिने गाउँपालिकाले जनाएको छ।

## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं २८ निवासी लेखनाथ बास्तोला र विष्णुमाया बास्तोलाको द.नं. ६६२४ मिति २०८१/१२/२८ को तामेली जगाई छुट जग्गा दर्ता नामसारी माग निवेदनमा निवेदकका बुवा तथा ससुरा राधाकृष्ण बास्तोला विगतमा निवेदन पेश गरी दर्ताको प्रकृयामा तामेलीमा रहेका तपसिल बमोजिमका जग्गा बुबा/ससुराकोमा भएको र हकवाला आफु बाहेक अन्य कोही नभएको भनि छुट दर्ता नामसारीका लागि माग भएको माझठाना मौजाका राधाकृष्ण जिम्माका सानु सोभाखर, नन्दलाल पाध्या, श्रीलाल, पूर्णदिप, सुभाखर, कुलदिप समेतको ९० र ९१ सालको मोठ बमोजिम लगत कायम रहेका खेत तथा पाखो जग्गाको तिरो सानु राधाकृष्ण बास्तोलाबाट तिरी भोगचलन गर्दै आएको र सर्वे नापी समयमा जग्गावाला राधाकृष्ण बास्तोला तथा सानो राधाकृष्ण बास्तोला (पं माझठाना २, बाबु श्रीकृष्ण, बाजे भागीरथ) उल्लेख भई फिल्डबुकमा कायम भएको जग्गाहरुमा हाल हामी बाहेक कोही हकवाला छैनन् भनि तपसिल बमोजिमको जग्गा छुट जग्गा दर्ता नामसारी माग भएकाले फिल्डबुकमा उल्लेख सानो राधाकृष्ण बास्तोला र राधा कृष्ण बास्तोला र तिरोका स्यानु राधाकृष्ण बास्तोला र स्यानु राधाक्रीष्ण बास्तोला फरक फरक व्यक्ति भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा तपसिल बमोजिमका जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| गाविस | वडा | कि.नं. | क्षे.फ. | विरह | किसिम | फिल्डबुकका जग्गाधनी |
|---|---|---|---|---|---|---|
| माझठाना | २ | ५२० | ०-४-०-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५५६ | ०-१०-०-१ | मर्के | दोयम | राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ५५९ | ०-०-२-२ | मर्के | दोयम | राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ९९१ | ०-३-०-२ | मर्के | दोयम | स्यानो राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ५५१ | ०-६-०-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५६६ | ०-३-०-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५६७ | ०-२-०-३ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६२२ | २-१३-०-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६३५ | ०-६-१-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६३७ | ०-३-२-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४० | ०-१-१-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १२०२ | ०-४-२-१ | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १७०३ | ०-५-०-३ | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १७०८ | ०-७-०-१ | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४१ | ०-२-२-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४४ | ०-१-१-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४६ | ०-७-१-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६९२ | ०-३-३-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११५२ | ०-१५-३-० | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११८९ | ०-२-२-० | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११९६ | ०-१-३-० | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ७४५ | ०-३-०-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ९१२ | ४-७-१-२ | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |

**इति सम्बत् २०८२ साल बैशाख महिनाको २३ गते रोज शुभम्**

# तनहुँका कृषि भण्डारबाट म्याद गुज्रेका विषादी बरामद

**रासस**
तनहुँ, २४ बैशाख

जिल्लाका एग्रोभेट, कृषि र बीउ भण्डारबाट म्याद गुज्रेका रु दुई लाख ४० हजार ३६० बराबरको विषादी बरामद गरिएको छ। यही वैशाख १७ गते गरिएको अनुगमनका क्रममा व्यास नगरपालिका-४ र शुक्लागण्डकी नगरपालिका-२ का छ वटा कृषि भण्डारबाट उक्त परिमाणको विषादी बरामद गरिएको हो।

कीटनाशक, ढुसीनाशक, मुसानाशक, झारनाशक विषाली तथा मल र खाद्य तत्व, स्टिकरलगायत म्याद गुज्रेका वस्तु बरामद गरिएको हो । विभिन्न तरकारीका म्याद गुज्रेका बीउ मात्रै रु ५१ हजार १४५ बराबरको बरामद गरिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ।

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहरभवन ललितपुर, कृषि ज्ञान केन्द्र तनहुँ, जिल्ला प्रशासन कार्यालय, बाली संरक्षण प्रयोगशाला पोखराद्वारा संयुक्तरूपमा गरिएको अनुगमनका क्रममा म्याद गुज्रेका विषादी तथा बीउ भेटिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत एवं सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । जिल्लाका खुद्रा तथा थोक विषादी बिक्रेता पसलमा अनुगमन गर्दा अधिकांशमा म्याद गुज्रेका विषादी र बीउ भेटिएकाले बरामद गरी सिल गरिएको ज्ञान केन्द्रले जनाएको छ। कीटनाशक एक हजार ३७५ थान, ढुसीनाशक २३७ थान, मुसानाशक ४७ थान र झारनाशक विषादी १८ थान, मल तथा खाद्यतत्व २०० थान र स्टिकर ३५ थान बरामद गरिएको केन्द्रका सूचना अधिकारी परियारले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न तरकारीका बीउ ३५७ थान बराबरको म्याद गुज्रेको पाइएपछि बरामद गरिएको छ । बरामद गरिएका विषादी तथा बीउको विवरण र मुचुल्का गरी बोरामा सिल गरिएको परियारले बताउनुभयो। "अनुगमन गरिएका अधिकांश पसलमा म्याद गुज्रेका बीउबिजन, विषादी पाइएको छ। जसलाई व्यवस्थित बनाउन विषादी व्यवस्थापन ऐन कार्यान्वयन गर्नुपर्छ । ऐनमा दण्ड तथा जरिवाना गर्नुपर्ने लेखिएको छ", उहाँले भन्नुभयो, "त्यसका लागि मुद्दामा जानुपर्ने हुन्छ। जुन झन्झटिलो छ। त्योभन्दा उपभोक्ता संरक्षण ऐन र कालो बजारी ऐनका केही दण्डसजाय दिने गरी प्रक्रिया अघि बढाउछौँ।"

बाली प्रयोगशाला पोखराका प्रमुख शालिकराम अधिकारीले बिक्रेताले आफू सुरक्षित हुनुपर्ने कुनै पनि मापदण्ड प्रयोग गरिएको नपाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "पसलमा भएका सामग्री विषादी मिश्रण भएका छन्। जसले खरिदकर्तालाई भन्दा बढी बिक्रेतालाई असर गर्छ । सुरक्षाका लागि सुरक्षित पहिरनको समेत प्रयोग गरिएको छैन। एक पटकका लागि सुझावसहित समय तोकेर सुरक्षाका सामग्री उपयोग गर्न सचेत गराएका छौँ।"

कतिपय बिक्रेताले विषादी तथा बीउबिजन बिक्रीको अभिलेखसमेत राखेको नपाइएको अधिकारीले उल्लेख गर्नुभयो । "यसले उपभोक्तामाथि खेलवाड भएको देखिन्छ।

जसलाई नियमन गर्नका लागि समयसमयमा अनुगमन गर्नुपर्ने आवश्यकता छ । बिक्रेता आफैँ पनि सचेत हुन जरुरी छ", उहाँले भन्नुभयो । प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका बाली संरक्षण अधिकृत प्रकाश घिमिरेले अनुगमनका क्रममा अधिकांश बिक्रेता स्वास्थ्यप्रति सचेत नभएको पाइएको बताउनुभयो । पसलमा पनि पूजा सामग्री, प्लास्टिकजन्य पदार्थ, मुडा, चिया कपलगायत दैनिक उपभोग्य सामग्री पनि बिक्री गर्ने गरेको पाइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अधिकांश पसलमा विषादीसँगै घरायसी प्रयोजनका सामग्री पनि राखिएको पाइएको छ । एक हप्ताको अवधिमा छुट्याएर राख्न लगाइएको छ । म्याद गुज्रेका विषादी र बीउ भेटिएकाले आठ वटा प्लास्टिक बोरामा राखेर सिल गरेका छौँ ।" आगामी दिनमा म्याद गुज्रेका विषादी तथा बीउ नराख्न सुझाव दिइएको उहाँले उल्लेख गर्नुभयो । अनुगमनका क्रममा अधिकांश पसलमा तालिम प्राप्त व्यक्ति नबसेर अन्य व्यक्ति बसेको पाइएकाले सचेत गराइएको छ। घिमिरेले भन्नुभयो, "एग्रोभेट, कृषि भण्डार र बीज भण्डारका सञ्चालक आफ्नो स्वास्थ्य तथा व्यवसाय वृद्धिका लागि आफैँ सचेत हुनुपर्ने हुन्छ। अन्य निकायले अनुगमन गरिरहनुपर्ने होइन। म्याद गुज्रेका विषादी, बीउबिजनले कृषि पेसाबाट विमुख हुने अवस्था आउन सक्छ । बिक्रेता सचेत भएमा कृषितर्फ आकर्षण बढ्छ । मार्ग निर्देशकका रूपमा रहेका बिक्रेता सचेत हुनुपर्छ ।"

अनुगमनको क्रममा शुक्लागण्डकी नगरपालिका-६ का वाग्ले भेटनरी सेन्टरको विषादीको (मिति २०८० माघ १ सकिएको) इजाजतपत्रको नवीकरण नभएको पाइएकाले नियमअनुसार पहल गर्न निर्देशन दिइएको केन्द्रले जनाएको छ । एग्रोभेट, कृषि भण्डार र बीज भण्डारमा एक हप्तापछि पुनःअनुगमन गर्ने र अटेर गरेको पाइएमा आवश्यक कारबाही गरिने केन्द्रका सूचना अधिकारी परियारले जानकारी दिनुभयो । एग्रोभेट, कृषि भण्डार र बीज भण्डार कृषकका मार्ग निर्देशक हुन् । मार्ग निर्देश गर्नुपर्ने भए पनि त्यसो गरेको पाइँदैन। आफैँ सचेत नहुँदा आफ्नो र उपभोक्ता दुवैको स्वास्थ्य समस्या आउने भन्दै सचेत रहन आग्रह गरिएको छ। आफैँ सचेत नहुँदा किसानमा सचेतना फैलन सकिँदैन। मार्गनिर्देश गर्ने निकाय नै सुरक्षित नहुँदा कृषि पेसातर्फ आकर्षण घट्दै गएको छ", उहाँले भन्नुभयो।

# जैमिनीलाई पूर्णखोप सुनिश्चितता घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

जैमिनी नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको छ।

'स्थानीय स्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप पालिका हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ खोप समन्वय समितिले पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा तथा प्रमाणीकरण गरेको हो।

जिल्ला समन्वय समितिका प्रमुख तथा खोप समन्वय समितिका संयोजक अमरबहादुर थापाले पूर्णखोप सुनिश्चितता घोषणा गर्नुहुँदै यसलाई निरन्तरता दिन आग्रह गर्नुभयो।

कार्यक्रममा पालिकालाई पूर्णखोप सुनिश्चितता प्रमाणपत्र समन्वय प्रमुख थापाले जैमिनी नगरपालिका प्रमुख नरबहादुर पुनलाई हस्तान्तरण गर्नुभयो । सो अवसरमा नगरप्रमुख पुनले खोपबाट बालबालिकालाई वञ्चित गराउन नहुने बताउनुभयो । सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको र हाल सोही तथ्याङ्क र सूचकका आधारमा पूर्णखोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख गोविन्दप्रसाद शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय खोप तालिकाअनुसार नगरका १० वटै वडाका खोप लगाउने उमेर समूहका बालबालिकाले खोप लगाएको सुनिश्चित गरिएपछि पूर्णखोपयुक्त सुनिश्चित पालिका घोषणा गरिएको हो।"

नगरपालिकाले दिगोपना र पूर्णखोप सुनिश्चितताका लागि हरेक वर्ष चैतमा नियमित खोपको घरभेट सर्वेक्षण गर्ने उमेरअनुसार खोप पाए/नपाएको एकिन गरेर खोप लगाउन छुटेको पाइएमा वैशाखमा खोप दिने व्यवस्था गरेको छ। वडास्तरीय खोप समन्वय समितिले बालबालिकाले खोप लगाएको सुनिश्चित गरेपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको हो।

खोप लगाउने उमेर समूहका सबै बालबालिकाले खोप लगाएको सुनिश्चित भएपछि पालिकालाई पूर्णखोपयुक्त पालिका सुनिश्चितता घोषणा गरिएको स्वास्थ्य कार्यालय प्रमुख घनश्याम सापकोटाले बताउनुभयो । नगरका १५ महिना उमेर समूहका तीन सय १३ जना नियमित खोप लगाइरहेका र १६ देखि २३ महिना उमेर समूहका दुई सय २६ जनालाई खोप दिएपछि नगर पूर्णखोप सुनिश्चित बनेको स्वास्थ्य शाखा प्रमुख शर्माले बताउनुभयो।

# तीन तलामाथिबाट खसेर वृद्धाको मृत्यु

**रासस**
बागलुङ, २४ बैशाख

बागलुङ नगरपालिका-४ श्रीनटोलमा तीनतलामाथि बाट खसेर एक जना वृद्धाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तिलक भारतीका अनुसार आज बिहान ४:४५ बजे तेस्रो तलाको झ्यालबाट खसेर ९१ वर्षीया ज्ञानमाया खड्काको घटनास्थलमै मृत्यु भएको हो । शव परीक्षणका लागि लागि धवलागिरि प्रादेशिक अस्पतालमा राखिएको छ।

# किसानले उत्पादन गरेका फापर गाउँपालिकाद्वारा खरिद

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

आँबुखैरेनी गाउँपालिकाले यहाँका नौ जना कृषकद्वारा उत्पादित छ सय ५० किलो फापर हाटबजारमार्फत खरिद गरी बिक्री गर्न थालेको छ।

मिलन गुरुङ, सेती गुरुङ, चित्र गुरुङ, फूलमाया गुरुङ, सन्तोष गुरुङ, धनबहादुर गुरुङ, सुखमाया गुरुङ, सन्तोष गुरुङ र प्रकाश गुरुङद्वारा उत्पादित फापर पालिकाले खरिद गरेको हो।

आँबुखैरेनी-६ प्युघरका सेतीले विगतका वर्षहरूमा प्रतिकिलो रु ६० मा फापर बिक्री हुने गरेको बताउँदै अहिले पालिकाले प्रतिकिलो रु एक सय ५० का दरले खरिद गरेको जानकारी दिनुभयो । "यो वर्ष पालिकाले खरिद गरिदिएपछि विगतको तुलनामा करिब तीन गुणा बढी आम्दानी भएको छ", उहाँले भन्नुभयो, "जति उत्पादन हुन्छ गाउँपालिकाले खरिद गरिदिन्छौँ भनेकाले हामीलाई हौसला मिलेको छ।" सोही स्थानका मिलनले फापर उत्पादनपश्चात् बिक्रीको समस्या नरहेको सुनाउनुभयो। "गाउँपालिकाले खरिद गरिदिने भएपछि यसमा लाग्न थप प्रेरणा प्राप्त भएको छ", उहाँले भन्नुभयो। ग्रामीण क्षेत्रका कृषकको खेतबारीमा उत्पादित रैथाने उपज फापरलाई उपभोक्तासम्म जोड्ने प्रयास गरिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले बताउनुभयो । विगतमा यहाँका कृषकले विचौलियामार्फत प्रतिकिलो रु ६० मा फापर बिक्री गर्दै आएकामा पालिकाले हाटबजारमार्फत प्रतिकिलो रु एक सय ५० मा बिक्री गरिरहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यसले गर्दा कृषकले विचौलियालाई बिक्री गर्नुपरेको छैन। कृषकले पनि विगतको भन्दा बढी रकम पाउनुभयो ।" केसीले कृषकको बारीबाट हाटबजारसम्म निःशुल्क ढुवानीको व्यवस्था गरिएको बताउनुभयो । आँबुखैरेनी-६ का प्युघर, डिहीखेत, घलडाँडा, रतनपुर, हिलेखर्कलगायत क्षेत्रमा फापर उत्पादन हुने गर्दछ। यहाँ वार्षिक करिब पाँच टन फापर उत्पादन हुने कृषि शाखा प्रमुख केसीले जानकारी दिनुभयो। आगामी वर्षदेखि यसको बजारीकरणलाई थप व्यवस्थित गरिने भन्दै उहाँले भन्नुभयो, "आगामी वर्ष फपार उत्पादन हुने गाउँमा कुट्ने उपकरण उपलब्ध गराएर फापरको पिठो खरिद गर्ने योजनासहित अघि बढेका छौँ।" ग्रामीण भेगमा उत्पादित फापर उपभोक्तासम्म लैजाने र कृषकलाई सहज रूपमा बजारीकरणको व्यवस्था गर्ने गाउँपालिकाको लक्ष्य रहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो।

## एउटै व्यक्ति भएको सूचना

लमजुङ्ग जिल्ला साविक पुरानोकोट गा.वि.स. वडा नं ५ को तत्पश्चात बेसीशहर नगरपालिका वडा नं १७ भै हाल कायमी वडा नं ४ बस्ने भारतीय भू.पू. सैनिक ९ आसाम राईफल्सका नं ९३८२७ लेसनायक स्व. कृष्ण बहादुर गुरुङका छोरा बुद्ध गुरुङको नेपाली नागरिकतामा नाम/थर बुद्ध गुरुङ र जन्म मिति बि.सं २०४७/०५/२८ भएको तर निज स्व. कृष्ण बहादुर गुरुङको सैनिक अभिलेखमा निजको नाम/थर बुधि सिंह गुरुङ र जन्म मिति सन् ०३-०९-१९८८ यानकी (बि.सं २०४५/०५/१८) भै फरक परेता पनि निज बुधि सिंह गुरुङ एउटै ब्यक्ति भएको र स्व. कृष्ण बहादुर गुरुङका छोरा भएको ब्यहोरा बेसीशहर नगरपालिका-४ नं. वडा कार्यालयको च.नं.१९७ मिति २०८०/०९/०४ को पत्र र जिल्ला प्रशासन कार्यालय लमजुङ को च.न. २१४९ मिति २०८०/०९/०६ को पत्रबाट सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

राज कुमार गुरुङ (दावेदार अबिबाहित छोरा)
बेसिशहर नगरपालिका वडा नं ४, लमजुङ्ग

## आँधिखोला कोरीडोर (पुतली बजार-लम्की-भिरकोट-वालिङ नगरपालिका-आँधिमुहान) (२०.५०३ कि.मि) सडक स्तरोन्नति कार्य सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/२५)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, स्याङ्जा फोन नः ०६३-४२०४०९ ईमेलः info@putalibazarmun.gov.np |
| प्रस्तावको व्यहोरा | आँधिखोला कोरीडोर (पुतली बजार- लम्की- भिरकोट- वालिङ नगरपालिका-आँधि मुहान) (२०.५०३ कि.मि) सडक स्तरोन्नतिको कार्य गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका | स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका र वडा नं. १३ र १४, भीरकोट नगरपालिका र वडा नं. ५, ६ र ७ तथा वालिङ नगरपालिका र वडा नं. ९ र ११ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न आयोजना प्रभावित क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

**१. पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**प्रगतिनगर, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**
**फोन न: ०६३-४२०४०९ ईमेल:** info@putalibazarmun.gov.np

**२. ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं,**
**फोन नं. ९८४१४३१५८२ इमेल:** geecnepal@gmail.com

## गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## प्रादेशिक स्वास्थ्य निर्देशनालय
## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
### पोखरा, कास्की

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकासन मिति २०८२/०१/२५ गते)**

**प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८१/१२/२१ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार अस्पताललाई आवश्यक** Digital X–Ray **उपकरण खरिदको लागि भएको बोलपत्र आवहानको सूचना मिति २०८२/०१/०७ गते खोलि मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल**

| क्र. सं | बोलपत्र नं | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कवोल गरेको रकम रु. (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १ | MMH/NCB/G/06/2081-82 | The Procurement of Supply of Digital X-Ray Machine 500 mA | Nidan Medi Solutions Pvt. Ltd. Lazimpat Kathmadu, Nepal | 30,85,000.00 |

**मेडिकल सुपरिटेन्डेन्ट**